




PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com








❖ वर्ष ३४ ❖ २०७८ साउन २२ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 August 06 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३९


## वीरगंज–रक्सौल मितेरी पुल कालोपत्र गर्ने योजना अघि बढ्यो

राधेश्याम पटेल, परवानीपुर, २१ साउन/

मुलुकको प्रमुख भन्सार नाका वीरगंज–रक्सौलको मितेरी पुलको मरम्मत सम्भार हुने भएको छ। तथा स्थानीय सरकारहरू मरम्मत सम्भार गर्न हच्किँदै आएका थिए। पोहोर वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगी र पर्साका सांसद प्रदीप यादव मरम्मत गर्नेछ।

वीरगंजको रजतजयन्ती चोकदेखि मितेरी पुलसम्म १३ सय मिटर सडकलाई छ लेनमा विस्तार गर्न ठेक्का लागिसकेको कार्यालय पर्साका सूचना अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, भारतीय महावाणिज्य दूतावास वीरगंजका वाणिज्यदूत शैलेन्द्र



मितेरी पुलमा खाल्डो परेको अवस्था र अवलोकन गर्दै भारत–नेपालको टोली। तस्वीर: प्रतीक

भारतीय सरकार मातहतको पथ निर्माण विभागले १०६ मिटर लम्बाइको आधा पुल अर्थात् ५३ मिटर कालोपत्र गरी मरम्मत गरिदिने भएको हो। वीरगंज–रक्सौल नाकालाई सौन्दर्यीकरण गर्ने अभियानका सहभागीहरूले चासो देखाएपछि उक्त पुलको मरम्मत हुने कार्य अघि बढ्ने भएको हो।

बिहीवार वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासको सक्रियतामा भारतीय पक्षसँग रक्सौल कस्टमभन्दा उत्तरमा रहेको भारतीय दूतावासको आवासमा सरोकारवालाहरूबीच छलफल भई उक्त सडक कालोपत्र गर्न नेपाली पक्षले अनुरोध गरेको थियो।

सन् १९९४ मा भारत सरकारको नेशनल हाइवेले उक्त पुल निर्माण गरेको थियो। तर पुलको आधा हिस्सा दशगजा क्षेत्रमा पर्ने भएकोले दुवै देशका सरकार सम्मिलित टोलीले भ्रमण गरी पुलमा भएको खाल्डाखुल्डीलाई ग्रेभलले भरिएको थियो। तर वर्षात्को बेला उक्त पुल भएर सयौं गाडी गुड्ने भएकोले उक्त पुल पुनः जीर्ण भएको छ। पुलको मध्य भागमा करीब ४ फिट गहिरो खाल्डाखुल्डी भएको छ।

नेपाली र भारतीय पक्षले आज पुलको अवलोकन गरी भारतीय आयल कर्पोरेशनदेखि भारतीय कस्टमसम्म सडक मरम्मत गर्ने बजेट आएकोमा त्यसै योजनामा थप इस्टिमेट गरी पथ निर्माण विभागले एक हप्ताभित्र उक्त पुलको करीब ५३ मिटर कालोपत्र गरिदिने आश्वासन दिएको छ।

विभागका इन्जिनीयर मृत्युञ्जय कुमारका अनुसार पुलको ५३ मिटर भाग भारतीय पक्षले बनाइदिने र बाँकी भाग नेपाली पक्षले कालोपत्र गरेर पुललाई र चालू आवमैं उक्त सडक विस्तार गर्ने नेपाल सरकारको लक्ष्य छ। वीरगंजका सामाजिक संस्था व्यवस्थित वीरगंज र ग्रीनसिटी सामुदायिक सेवा केन्द्रको सक्रियतामा वीरगंज–रक्सौल नाकालाई सुन्दर र व्यवस्थित बनाउने अभियान अघि बढेको छ।

सोही क्रममा शनिवार वृहत् सरसफाइ र जनचेतनामूलक कार्यक्रम पनि भोलन्टियर समूह वीरगंजले राखेको छ।

बिहीवारको भ्रमणमा जिल्ला प्रशासन कुमार, सशस्त्र प्रहरी बल भन्सार गुल्मका सप्रनि सुवर्णबहादुर बम, व्यवस्थित वीरगंजका संयोजक दिलीपराज कार्की, ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतान, रक्सौलका समाजसेवी महेश अग्रवाल, रक्सौल नगर परिषद्का प्रमुख कार्यकारी अधिकारी विजयकुमार, पथ निर्माण विभागका कार्यकारी निर्देशक अशोक कुमार, रक्सौल कस्टमका उपायुक्त आशुतोषकुमार सिंहलगायतको सहभागिता थियो।

## ३ महिलासहित ३२ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २१ साउन/

सामुदायिक सेवा केन्द्र मुर्ली श्रीपुरको आयोजनामा बिहीवार सम्पन्न रक्तदान कार्यक्रममा तीनजना महिलासहित ३२ जनाले रक्तदान गरेको सामुदायिक प्रहरी सेवा केन्द्र मुर्ली श्रीपुरका प्रहरी हवल्दार रविकुमार सिंहले बताए।

मुर्लीचोकमा आयोजना गरिएको रक्तदान कार्यक्रमको उद्घाटन नगरप्रमुख विजयकुमार सरावगीले गरेका थिए। उद्घाटन समारोहमा प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, वडाध्यक्ष प्रद्युम्न सेढाईं, वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक दिनेश गौतम, सामुदायिक सेवा केन्द्र श्रीपुरका सचिव दिलीप प्रधानलगायतको सहभागिता थियो।

कार्यक्रममा गीता चौहान, प्रेम राजभण्डारी, चन्द्रवीर चौधरी, राकेश श्रेष्ठ, हृदय यादव, सन्तोष पाण्डेलगायतले



तस्वीर: प्रतीक

रक्तदान गरेको हवल्दार सिंहले बताए।

## तीनजना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, २१ साउन/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले बिहीवार तीनजना सङ्क्रमित पुष्टि गरेको छ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले ५० जनाको स्वाब परीक्षण गर्दा पर्साका दुई, बाराका एक जना गरी तीनजना सङ्क्रमित पुष्टि भएको बताए। तीनैजना सङ्क्रमित पुरुष भएको र उनीहरूको उमेर २९ देखि ४७ वर्ष रहेको डा सिंहले जानकारी गराए। यसअघि, बुधवार ७० जनाको स्वाब परीक्षण गर्दा पर्साका एकजना सङ्क्रमित पुष्टि भएको उनले बताए।

## जिल्लास्तरीय राष्ट्रिय मानव अधिकार आयोग गठन

प्रस, पंचगावाँ, २१ साउन/

जिल्लास्तरीय राष्ट्रिय मानव अधिकार आयोग गठन भएको छ। पर्सा बारका अध्यक्ष ओमप्रकाश गुप्ताको संयोजकत्वमा ९ सदस्यीय जिल्लास्तरीय राष्ट्रिय मानव अधिकार आयोग गठन भएको हो।

आयोगको प्रदेश नं २ की अधिकृत मनमाया रानामगरको अगुवाइमा आयोग गठन भएको हो।

आयोगको सदस्यमा गैरसरकारी संस्था महासङ्घ नेपाल पर्साका अध्यक्ष छठु साह, नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्का, अपाङ्ग सङ्घ पर्साका अध्यक्ष शम्भु पासवान, दलित महिला महासङ्घ पर्साकी अध्यक्ष नीला राम, नेपाल चिकित्सक सङ्घ नारायणी वीरगंजका सचिव डा उदयनारायण सिंह, नेपाल नर्सिङ सङ्घका प्रतिनिधि र दिव्य युवा क्लबका प्रतिनिधि सुनील गुप्ता छन्।

गठित आयोगले कोभिड महामारी तथा मानव अधिकार हननका सवालमा अनुगमन गर्ने, प्रतिवेदन बुझाउने उद्देश्य रहेको प्रदेश अधिकृत रानामगरले बताइन्।

## नापीका कर्मचारीले हाकीमलाई टेरेनन्

प्रस, वीरगंज, २१ साउन/

नापी कार्यालय पर्साका कर्मचारीले कार्यालय प्रमुखलाई नटेरेको घटना सार्वजनिक भएको छ।

नापी कार्यालयका सर्वेक्षक प्रभु साहले प्रमुख नापी अधिकृत रामविनयकुमार सिंहको आदेशलाई पालना नगरेको बताइएको छ।

साउन ११ गते नापी कार्यालय पर्साको बिर्तास्थित अद्यावधिक शाखाबाट जिम्मेवारी हेरफेर गर्दै सर्वेक्षक साहलाई नापी कार्यालयको आदर्शनगर पानी टयाङ्कीमा सञ्चालनमा रहेको नापनक्शा टोलीमा खटाएकोमा उनले पत्र बुझ्न आलटाल गरिरहेका छन्।

नापी प्रमुख सिंहले साहसँग गत साउन १७ गते स्पष्टीकरण सोधेका थिए। सोको जवाफ उनले असार २९ गते दिएका थिए तर उक्त जवाफबाट आफू सन्तुष्ट नभएको बताउँदै अर्को कानूनी कारबाई अगाडि बढाउने चेतावनी प्रमुख सिंहले दिएका थिए।

केही महीनादेखि सर्वेक्षक साहले सेवाग्राहीसँग कानूनविपरीत आचरण देखाएको गुनासो आएपछि प्रमुख नापी अधिकृत सिंहले उनलाई नापनक्शा टोली शाखामा खटाउने निर्णय गरेका थिए।

## अक्सिजन अभावमा माछा मरे

प्रस, सिम्रौनगढ, २१ साउन/

बाराको सिम्रौनगढ नगरपालिका–५ टोल कनकपुरस्थित पजनिया पोखरीका माछा बिहीवार बिहानदेखि एक्कासि मरेका छन्।

गर्मीले पोखरीमा अक्सिजनको कमी भएपछि माछाहरू मर्न थालेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। पोखरीमा सिल्भर, बिगहेड, इजराइल, ग्रास र भकुरा जातका माछा मरेर आठ लाख मूल्यबराबरको क्षति भएको स्थानीय नागेन्द्र महतो नुनियाले बताए। बिहान माछा मरेपछि टोलका मानिसहरूले मरेको माछा घर लगेका थिए। पोखरीको ठेक्का लिएका जगदेव महतोले माछा नमरून् भनेर अक्सिजनको व्यवस्था गरेका थिए। महतोले रु ३५ लाखमा ठेक्का लिएको र अहिले माछा मरेर रु आठ लाखभन्दा बढीको क्षति भएको बताए।


रू ३५ हजार राशिको

सुबोध स्मृति पुरस्कार २०७८



वीरगंजबाट प्रकाशित पत्रिकामा छापिएका फोटो र बायोडाटासहित साउन २४ गतेसम्म प्रतीक दैनिकको कार्यालयमा बुझाउन सबै फोटोपत्रकारलाई सूचित गरिन्छ।

इमेल: prateekdaily@gmail.com
अनलाइन: eprateekdaily.com
फेसबूक: facebook.com/prateekdainik

आयोजक: प्रतीक



## पर्सागढीमा लामखुट्टेको प्रकोप बढ्यो

प्रस, बिरुवागुठी, २१ साउन/

पर्सागढी नगरपालिकालगायत ग्रामीण भेगमा लामखुट्टेको प्रकोप देखा परे तापनि स्थानीय निकायले चासो देखाएको छैन। अत्यधिक गर्मी तथा वर्षाको कारण पर्साका ग्रामीण भेगमा विगत केही वर्षदेखि लामखुट्टेको प्रकोप बढेको छ।

ग्रामीण भेगमा भाइरल ज्वरोको साथै लामखुट्टेको प्रकोप बढेपछि स्थानीयवासी त्रसित छन्। लामखुट्टेको कारण पुनः डेङ्गु रोग लाग्ने भन्दै स्थानीयवासीले गुनासो गरे। डेङ्गु रोगको जोखिम न्यूनीकरणको लागि पर्साका कुनै पनि स्थानीय निकायले चासो देखाएका छैनन्। लामखुट्टे नियन्त्रण गर्न औषधि छर्नेलगायतका काम पनि नगरेको स्थानीयवासीले बताए।

फोहर पानी जम्मा हुने स्थान वा फोहरवस्तु नष्ट गर्ने कार्य तथा



स्थानीय क्लिनिकमा औषधि किन्नेहरूको भीड। तस्वीर: प्रतीक

लामखुट्टेबाट हुने रोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने पर्सागढी नगरपालिका–३ निवासी दिनदयाल दहालले बताए।




निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com



कुनै पनि स्वास्थ्य समस्या भएमा नजीकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

**सोचको मात्र फरक हुन्छ नत्र समस्या तपाईंलाई कमजोर बनाउन होइन मजबूत बनाउन आउँछ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# यसो गर्दा नि हुन्छ

**कोरोना सङ्क्रमणबाट जोगाउनका लागि भारतबाट प्रवेश गर्नेहरूलाई कम्तीमा दश दिन र बढीमा चौध दिनसम्म क्वारेन्टाइनमा राख्नका लागि सरकारले देशभरका दशवटा नाकामा एक हजार मानिस अट्ने होल्डिङ सेन्टरको निर्माण शुरू गरेको छ । पहिलो कोरोनाकालमा भारतबाट आउनेहरूलाई ठाकुर राम बहुमुखी क्याम्पस, त्रिजुद्ध मावि र सिद्धार्थ माविको क्वारेन्टाइनमा राखिएको थियो । सीमा सिल गरिएको थियो अनि भारतमा विभिन्न कारणवश रहेका नेपालीहरू लकडाउनमा घर फिर्ता आउँदा अनिवार्यरूपमा तोकिएका क्वारेन्टाइनमा १४ दिन बसेर स्वास्थ्य परीक्षण गराएर मात्र घर जान पाउने व्यवस्था गरिएको थियो । पहिलो कोरोनाकालमा गरिएको सीमा सिल अहिले पनि यथावतै छ । तर सीमा सिल भएपनि खुला सीमा भएको कारण रक्सौल र वीरगंजमा मानिसहरू कामका लागि, बजार गर्न, आफन्त भेट्न आदि कामका लागि आवतजावत रोकिएको छैन । जिल्ला प्रशासन कार्यालय पर्साले वैशाख १६ गतेदेखि जिल्लामा निषेधाज्ञा जारी गर्दै आएको छ । पछिल्लोपटक असार १३ गतेसम्म साताव्यापी निषेधाज्ञा थप गर्दै आए पनि असार २० गतेदेखि अनिश्चितकालका लागि निषेधाज्ञा जारी छ । यो अवधिमा पर्सा जिल्लाको मुख्य नाका वीरगंज–रक्सौल मात्र खोलिएको छ । तर मालवाहक सवारीसाधनहरूको आवतजावतका लागि मात्र । यो अवधिमा मुख्य नाकाबाट विदेशीलाई पूर्णरूपमा रोक लगाइएको छ । तर जिल्लामा रोक लगाइएका अन्य नाकाहरूझैं वीरगंज–रक्सौल नाकामा पनि नाम मात्रको रोक छ । निजी सवारीसाधनहरू आउजाउ नभए पनि मानिसहरूको आवतजावत निर्बाधरूपमा जारी छ ।**

**भारतबाट आउनेहरूलाई अनिवार्यरूपमा तोकिएको होल्डिङ सेन्टरमा राख्ने, उनीहरूको स्वास्थ परीक्षण गर्ने जस्ता नियमहरू बनाइएका छन तर त्यसको पालना हुन सकेको छैन । अहिले यो नियम पालना हुन नसक्नुको प्रमुख कारण होल्डिङ सेन्टरको व्यवस्था नभएकोले पनि हो । एक हजार मानिस अट्ने होल्डिङ सेन्टर भदौ मसान्तसम्म तयार भइसक्ने निर्माणको जिम्मा पाएको नेपाली सेनाले बताएको छ । यसो हुने हो भने अब तेस्रो भेरियन्टको कोरोना केही हदसम्म नियन्त्रण हुन सक्ने आशा लिन सकिन्छ । दोस्रो कोरोनाकालमा भारतबाट मानिसहरू निर्बाध प्रवेश गर्दैछन् । सार्वजनिक सवारीसाधनहरू बन्द छन् तर पनि वीरगंजलगायतबाट सार्वजनिक सवारीसाधनहरू सञ्चालनमा छन् र भारतीयहरू स्वास्थ्य मापदण्डविना नेपाल प्रवेश गर्दै गरेकाले हामीकहाँ कोरोना निरन्तर बढ्दो छ ।**

**पिसिआर र एन्टीजेन परीक्षणपछि मात्र भारतीयहरूलाई राजधानी प्रवेश गर्न पाउने व्यवस्था पनि यसअघि गरिएको थियो । अहिले प्रवेशमा रोक लगाइएको छ तर कडाइ नगरिएको कारण उनीहरूको आवतजावत जारी छ । आवतजावत रोक्न समस्या भएको छ भने यसअघि गरिएको पिसिआर र एन्टीजेनको अनिवार्य परीक्षणले कोरोना नियन्त्रण धेरै हदसम्म प्रभावकारी हुन सक्छ । होल्डिङ सेन्टर निर्माणको क्रममा रहेको र सो निर्माण नहुन्जेल यो विधि अपनाएर नियन्त्रण गर्नेतर्फ सोच बनाउँदा राम्रो होला । तर निर्णय मात्र गर्ने सोको कार्यान्वयनमा भने पटक्कै ध्यान नदिने प्रवृत्ति पालेर बसेकाहरूलाई राय, सल्लाह, सुझाव 'भैंसीको अगाडि बिन बजाए' जस्तो त हो नि ?**

# आर्थिक विकासका दुई महत्त्वपूर्ण कारक तत्त्व

अर्थविशेष




विश्वराज अधिकारी
akoutilya@gmail.com


**कुनै पनि देशको आर्थिक विकासका लागि दुई महत्त्वपूर्ण पक्ष– जनता र शासक (नेता) हरूको चेतनाको स्तर माथि उठ्न आवश्यक छ । यी दुवै पक्षमा विकासको भोक जाग्न आवश्यक छ । धनी एवं विकसित राष्ट्रहरूको आर्थिक विकासको इतिहासले यही कुरा भन्छ ।**

जनता र शासक कुनै पनि राष्ट्रको आर्थिक विकासका दुई सर्वाधिक महत्त्वपूर्ण कारक पक्ष हो । गरीब वा धनी, कुनै पनि देशको आर्थिक विकासमा यी दुई पक्षको ठूलो योगदान रहेको हुन्छ । जनता शिक्षित छ, उदार छ, विकासको लागि स्वयं अग्रसर छ भने विकासको कार्य सहज हुन पुग्छ । तर यसविपरीत यदि जनता अशिक्षित छ, अनुदार छ, विकासको लागि आफू होइन, सरकार वा अर्को पक्षलाई जिम्मेवार देख्छ, शान्ति होइन सङ्घर्षमा विश्वास गर्छ भने त्यस्तो स्थितिमा विकास कार्य कठिन हुन पुग्छ । यस तथ्यको उदाहरणको रूपमा अफगानिस्तान, नाइजेरिया, सुडान, इथियोपिया, लिबिया, यमन, लेबनान, नेपालजस्ता राष्ट्रहरूलाई लिन सकिन्छ । अफगानिस्तान वर्षौंदेखि अशान्त छ । अफगानिस्तानमा कहिले शान्ति आउन सकेको छैन । अफगानीहरू युद्ध विभीषिकामा बाँचेको तीसौं–चालीसौं वर्ष भइसक्यो । हालमा अमेरिकाले आफ्नो सेनाले अफगानिस्तान छाड्ने घोषणा गरेदेखि तालिबानी विद्रोहीहरूले अफगानिस्तान सरकारमाथि हमला अति तीव्र पारेका छन् । आफ्नै देशवासीलाई मार्न तालिबानी लडाकूहरू अहिले मस्त र व्यस्त छन् । तालिबानी लडाकू हुन् वा अन्य विद्रोही अफगानी नेता, यिनीहरूले शान्तिपूर्वक बस्न चाहने सोझा अफगानलाई कहिले शान्तिपूर्वक बस्न दिएका छैनन् । अफगानिस्तानका विद्रोही नेताहरूले कहिले रूससँग त कहिले अमेरिकासँग मिलेर शान्तिप्रेमी जनतालाई दुःख दिने काम बन्द गरेका छैनन् । घतलाग्दो तथ्य त के हो भने अफगानिस्तानका विद्रोही नेताहरूलाई अफगानी जनताले नै जन्माएको हो । अफगानी नेताहरू कुनै अर्को देशबाट आएका होइनन् । अफगानी माटो (जनता) का उपज हुन् । अफगानिस्तान आफ्नो जनता (धर्मान्ध) र नेताहरूबाट आर्थिक रूपमा बर्बाद हुन पुगेको छ ।

यमनको हालत पनि यस्तै छ । यमनले अहिले अरूको लगि युद्ध (proxy war) लड्दै छ । युद्धमा यमनीहरू संलग्न भए तापनि उनीहरूले युद्ध भने इरान र साउदी अरबियाका लागि लडिरहेका छन् । अफ्रिका तथा अरब जगत्मा आफ्नो शक्ति देखाउन इरान तथा साउदी अरेबियाले यमन र यसका नागरिक प्रयोग गरिरहेका छन् । पाँच वर्षदेखि जारी यमनको गृहयुद्धमा १ लाखभन्दा बढी यमनीको ज्यान गइसकेको छ । विज्ञहरूले यमन–सङ्कटको समाधान समयमैं नखोज्ने हो भने लाखौं यमनी भोखमरीको शिकार हुने चेतावनी दिएका छन् । यदि यमनीहरू हामीले यो युद्ध इरान र साउदी अरेबियाको लागि लडेको हो, आफ्नो लगि होइन, हाम्रो विकास, शान्तिपूर्वक बस्नु छ, युद्ध गर्नुमा छैन भन्ने तथ्य बुझिदिए यमन आर्थिक विकासको पथमा दौडिने थियो । यमन साधन र स्रोतले भरिएको देश हो । तर आम यमनीहरूको चेतनाको स्तरले शान्तिको महत्त्व बुझ्न सकिरहेको छैन । उल्टो युद्धमा संलग्न हुनुलाई महत्त्व दिइरहेको छ । अनि कसरी हुन्छ, यमनको आर्थिक विकास ?

अर्कोतिर युरोपको जनता सुशिक्षित छ, उदार छ, विकासको संवाहक सरकार होइन, आफूलाई ठान्छ । यो कारणले गर्दा युरोपको उल्लेखनीय आर्थिक विकास भएको छ । फ्रान्स, इटाली, जर्मनी, ग्रेट ब्रिटेन आदिले 'प्रोक्सी' युद्ध लडेको सुनिएको छैन । युरोपेलीहरूको चेतनाको स्तर धेरै माथि भएको हुनाले नै युरोपमा दीर्घकालीन शान्ति छ । यसविपरीत एशिया र अफ्रिकाका बासिन्दाको चेतनाको स्तर तुलनात्मकरूपमा कमजोर भएको हुनाले यी क्षेत्रमा युद्ध जीवनको एउटा आवश्यक पक्ष हुन पुगेको छ । युद्धप्रिय भएको हुनाले नै हामी नेपालीहरू पनि दश वर्ष युद्ध गरेर खुब रमायौं । हामी नेपालीलाई पनि युद्ध र सङ्घर्ष मन पर्छ । हरेक समस्याको समाधान त्यसकारण, हामी युद्ध, द्वन्द्व, सङ्घर्ष र कलहमा देख्छौं ।

शासक वा नेताहरूले पनि देशलाई आर्थिकरूपमा बर्बाद पार्न सक्छन् । यस तथ्यको उदाहरणको रूपमा उत्तर कोरिया, भेनेजुएला, बर्मा, क्युबाजस्ता देशको आर्थिक अवस्थालाई लिन सकिन्छ । उत्तर कोरियाका शासक किम जोङ– उनले आफ्नो तानाशाही चलाएर उत्तर कोरियालाई आर्थिकरूपमा बर्बाद नै पारेका छन् । एउटै समयमा विभाजित दुई कोरियाहरू– दक्षिण कोरियाले कति आर्थिक प्रगति गरेको छ र उत्तर कोरियाले कति आर्थिक प्रगति गरेको छ, हाम्रो अगाडि प्रस्ट छ । केवल आफू सत्तामा रहनका लागि उनले उत्तर कोरियालाई बर्बाद नै पारेका छन् । तर उनभन्दा पनि बर्बाद पार्नमा ठूलो हात भने उनको आसेपासे (parasite) हरूको छ । यी आसेपासेहरूले आफ्नो लाभ (शक्ति र पैसा) को लागि उनजस्ता सनकी तानाशाहलाई उत्तर कोरियाको सदाकालीन शासक बनाएका छन् ।

बर्माको स्थिति पनि यस्तै छ । बर्माका सैनिक शासकहरूले सत्तामा रहिरहन बर्मालाई आर्थिकरूपमा बर्बाद पारेका छन् । हालै सैनिक विद्रोह गरेर सत्ता आफ्नो हातमा लिएका बर्माका सेना प्रमुख मिन आङ हलाङले आफूलाई देशको प्रधानमन्त्री घोषणा गरेका छन् । चीनको सहयोग पाएर सत्ताको सुख भोगिरहेका बर्माको सेनाले देशको आर्थिक स्थितिलाई अति कमजोर पारेको छ । अहिले धेरै बर्मेलीहरूको ज्यान कोरोनाको भ्याक्सिन समयमा नपाएर गइरहेको छ । कुनै बेला जापानको हाराहरीमा बर्माको आर्थिक अवस्था रहने गर्दथ्यो । भारत, नेपाल लगायत एशियाका अन्य मुलुकहरूबाट मानिस रोजगारका लागि बर्मा जान्थे । दक्षिण एशिया आउने क्रममा बर्माको आर्थिक वैभव देखेर अङ्ग्रेजहरू पहिले बर्मा झरेका थिए । त्यसपछि मात्र भारततिर लागेका थिए । एशियाको अति समृद्ध मुलुक बर्मालाई त्यहाँका स्वार्थी शासकहरूले अति गरीब तुल्याएका छन् । बन्दूकको भरमा शासकहरूले, केवल आफूहरू सत्तामा रहन, आफ्नो देशलाई कतिसम्म दरिद्र पार्न सक्छन् भन्ने तथ्यको उदाहरणको रूपमा उत्तर कोरिया, बर्मा, जिम्बाब्वेजस्ता राष्ट्रहरूलाई लिन सकिन्छ । करीब ४० वर्षसम्म सत्तामा रहिरहन जिम्बाब्वेका राष्ट्रपति रोबर्ट मुगाबीले जिम्बाब्वेलाई कङ्गाल नै पारेर गए । तानाशाहहरूले बन्दूकको भरमा शासन गरेर देशलाई आर्थिकरूपमा बर्बाद पारेको धेरै उदाहरण छ ।

देशलाई आर्थिक प्रगति गर्न नदिने दुई पक्ष– जनता र शासक दुवैको पहिचान र चर्चा हुनैपर्छ । यी दुई पक्ष असल छैन भने स्रोत र साधन पर्याप्त भए तापनि मुलुकले आर्थिक प्रगति गर्न गाह्रो हुन्छ । आर्थिक प्रगतिका लागि जनताको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । कुनै पनि देशको सरकार केवल एक माध्यम मात्र हो वास्तविक विकास जनताले नै गर्ने हो । यो तथ्य बोध गरेको हुनाले नै युरोपेलीहरूले चमत्कारी किसिमले विकास गरेका हुन् । हामी एशियाली र अफ्रिकीहरूले यो तथ्य बोध नगरेको र गर्न पनि नचाहेकोले हामीले आर्थिक प्रगति गर्न नसकेको हो ।

नेपालीहरूले सुशासन र आर्थिक प्रगति देख्न नपाउनुमा दोष हामी जनताको पनि छ । हामी नेपाली विकासको लागि आफूलाई जिम्मेवार मान्दैनौं । विकासको लागि जिम्मेवार केवल सरकारलाई ठान्छौं । हामी कलह, द्वन्द्व, सङ्घर्ष, युद्धमा बढी विश्वास गर्छौं । शान्तिपूर्ण तरीकाले कुनै पनि समस्याको समाधान गर्न सकिन्छ भन्ने कुरामा हामीलाई विश्वास छैन । हामीले विकाससम्बन्धी अनेक भ्रम पालेका छौं । गरीबीबाट मुक्ति पाउने तरीकाप्रति हामीमा धेरै भ्रम छ । त्यसमध्ये एउटा भ्रम, नेपालमा कम्युनिस्टहरूबाट देशको आर्थिक विकास हुन्छ, गरीबी निवारण हुन्छ, मुलुकमा सम्पन्नता आउँछ भन्ने पनि हो । नेपालका बहुसङ्ख्यक कम्युनिस्ट नेताहरूले नेपालीको गरीबीलाई सत्तामा पुग्ने भऱ्याङ मात्र बनाएका छन् । गरीबहरूको मनोविज्ञानको गलत प्रयोग गरेर सत्तामा पुगेका छन् ।

हामी तथाकथित नेपाली कम्युनिस्टहरूलाई गरीबहरूको मुक्तिदाता एवं कल्याणकर्ता मान्छौं । कम्युनिस्ट नेताहरूबाट देशको आर्थिक विकास हुन्छ भन्ने बलियो विश्वास राख्छौं । चुनावमा उनीहरूलाई मत दिएर विजयी बनाउँछौं । उनीहरूले गर्ने आन्दोलन एवं सङ्घर्षमा उनीहरूलाई साथ दिने मात्र होइन, उनीहरूको लागि ज्यान पनि दिन्छौं । तर अधिकांश कम्युनिस्ट नेताहरू स्वार्थी एवं आत्मकेन्द्रित भएको तथ्य हामी बिर्सन्छौं । नेपालको राजनीतिलाई वर्षौंदेखि कम्युनिस्टहरूले नै बढी अस्थिर पारेको तथ्यपट्टि ध्यान दिंदैनौं । असल नेता निर्वाचित गर्दैनौं अनि प्रत्येक वर्ष तिनै स्वार्थी एव पदलोलुप नेताहरूलाई देशको नेतृत्व गर्न रोज्छौं ।

कुनै पनि देशको आर्थिक विकासका लागि दुई महत्त्वपूर्ण पक्ष– जनता र शासक (नेता) हरूको चेतनाको स्तर माथि उठ्न आवश्यक छ । यी दुवै पक्षमा विकासको भोक जाग्न आवश्यक छ । धनी एवं विकसित राष्ट्रहरूको आर्थिक विकासको इतिहासले यही कुरा भन्छ । यस सत्यलाई हामीले हृदयङ्गम नगरेसम्म आर्थिक विकास हाम्रो लागि 'आकाशको फल आँखा तरी मर' मात्र हुन्छ । हाम्रो लागि मात्र होइन, अन्य राष्ट्का लागि पनि यही हुन्छ ।

# मास्क अभियान साउन २३ गतेदेखि

काठमाडौं, २१ साउन/रासस

**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यही साउन २३ देखि २९ गतेसम्म देशभर मास्क अभियान सञ्चालन गर्ने भएको छ । 'महामारी नियन्त्रण र रोकथाममा मेरो प्रतिबद्धता मास्क लगाउनु नै आजको आवश्यकता' भन्ने मूल नाराका साथ मन्त्रालयले अभियान सञ्चालन गर्न थालेको हो । मन्त्रालयले मास्क लगाइ मानिसको व्यवहारमा परिवर्तन गर्न अभियान सञ्चालन गर्न थालेको बताइएको छ ।**

**मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोरोना भाइरसबाट बचन मास्क अभियान सञ्चालन गर्न थालिएको बताए । उनले जनस्वास्थ्यमा मापदण्ड उल्लङ्घन भएको र मास्क लगाउन पनि लापरवाही गरेकाले स्वास्थ्यको मापदण्ड तथा मास्कको महत्त्वबारे जानकारी गराउन अभियान शुरू गर्न लागिएको जानकारी दिए ।**

**"महामारी नियन्त्रणमा खोप जत्तिकै मास्क, सेनिटाइजरसँग जनस्वास्थ्यको भूमिका पनि महत्त्वपूर्ण रहेको छ," उनले भने, "सबै नेपालीलाई महामारी नियन्त्रणमा मास्कको भूमिकाबारे जनचेतना जगाउन आवश्यक छ ।" म पनि मास्क लगाउँछु र अरूलाई पनि मास्क लगाउन प्रेरित गर्छु भन्ने सन्देश दिई कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गरिएको हो । कोरोना भाइरसबाट बच्न बढी प्रभावकारी उपाय भनेको नै मास्क रहेकाले सबैले अनिवार्य मास्क लगाउनसमेत उनले आग्रह गरे ।**

**सङ्क्रमण दिनानुदिन बढे पनि मानिसले सही तरीकाले मास्क नलगाउने गरिएको पाइएको छ । स्वास्थ्य सेवा विभागको राष्ट्रिय स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रका निर्देशक डा राधिका थपलियाले मास्कबारे जनचेतना मात्र नभई मास्कले मानिसको व्यवहारमा परिवर्तन गर्न अभियान शुरू गर्न थालिएको बताइन् । उनले मास्कलाई सही तयारीले लगाउन सिकाउनका लागि अभियान सञ्चालन गरिएको जानकारी दिइन् ।**

**"मास्क लगाए पनि कतिपयले बोल्दा मास्क फुकाल्ने, चिउडोमा लगाउने, सही तरीकाले मास्क नलगाउने जस्तो देखिएको छ," उनले भनिन्, "यसपटक मास्कको जनचेतना नभएर मास्क लगाइ मानिसको व्यवहारमा परिवर्तन गर्न अभियान सञ्चालन गर्न थालिएको हो ।"**

**स्थानीय तहले पनि आआफ्नो क्षेत्रमा मास्क कसरी लगाउने भनेर सिकाउने छन् । उनका अनुसार स्वास्थ्य स्वयंसेविकामार्फत गाउँटोलमा मास्कको महत्त्वबारे टोलटोलमा सिकाइनेछ । सात दिनसम्म मास्कको महत्त्व र लगाउने तरीका सिकाइनेछ । अहिले दैनिक सङ्क्रमित बढेपछि जोखिम पनि बढेको छ । बुधवार मात्र चार हजार १०७ व्यक्तिमा सङ्क्रमण देखिएको थियो ।**

## एक्सिडेन्टल देउवाको सफलता

पाठक/पत्र प्रतिक्रिया

२० गते प्रतीकमा विनोद गुप्ताको लेख 'सेकेन्ड बेस्टबाट अब गुड ह्यान्ड' पढें । मेहताले देउवालाई एक्सिडेन्टल प्रधानमन्त्री भनेको मतलब यो हो कि देउवाले नसोचेको प्रधानमन्त्री पद पाए । मनमोहन सिंह पनि त सोचविचार गरेर प्रधानमन्त्री बनेका थिए । तर जनताले नसोचेकोले एक्सिडेन्टल भनियो । देउवालाई पनि टाढाटाढासम्म कुनै आशा थिएन । सबै कुरा एक्सिडेन्टल हुँदै गयो र उनी प्रधानमन्त्री बने । जहाँसम्म मोदी र ओलीको रसायन मिलेर यति विघ्न घटना भयो भन्ने कुरा छ, त्यो साँचो हो । भारत र नेपालको परिस्थिति अलग-अलग छ । त्यहाँ एक वर्गले आफूलाई अल्पसङ्ख्यक भने पनि आतङ्क मचाइरहेको छ, जसमा लगाम लगाउन आवश्यक छ । नेपालमा त्यो छैन र ओली जस्ताको आवश्यकता पनि छैन । देउवाको सफलता गठबन्धनको क्रियाकलापमा निर्भर छ । माधवकुमार नेपालजस्तै अरूले पनि हात झिके देउवा चुनावमा जान्छन् । उनी वाच डगको भूमिकामा छन् ।

डा. शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा सङ्क्रमित र मृत्यु हुने दर बढ्न सक्ने

वाशिङ्टन, २१ साउन/सिन्हवा

अमेरिकामा पछिल्लो समयमा कोभिड–१९ को सङ्क्रमण बढ्ने देखिएको छ।


तस्वीरः सिन्हवा

पछिल्ला केही समयमा सङ्क्रमण बढेपछि कतिपय राज्यमा मास्क लगाउन अनिवार्य पनि गरिएको छ।

त्यसैगरी, कतिपय अस्पतालमा कोभिड सङ्क्रमित बढेका समाचार पनि आइरहेका बताइएको छ। अमेरिकी संस्था "सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन"ले आगामी चार हप्तामा अमेरिकामा कोभिडका सङ्क्रमित बढ्न सक्ने बताइएको छ।

सो संस्थाका अनुसार आगामी चार हप्तामा यहाँका अस्पतालमा भर्ना हुने दर बढ्ने तथा उपचारका लागि आएका व्यक्तिको मृत्युदर पनि बढ्न सक्ने अनुमान गरिएको छ।

सो संस्थाले बुधवार विज्ञप्ति प्रकाशित गर्दै कोभिडको सङ्क्रमण अबका चार हप्तामा बढ्न सक्ने देखिएकोले यसको नियन्त्रणाका लागि जनस्वास्थ्यका मापदण्ड अपनाउन सबै नागरिकमा अपील पनि गरेको छ।

आगामी चार हप्ता अर्थात् अगस्त महीनाको २८ तारिखसम्ममा दुई हजार ३०० देखि बढीमा नौ हजारजना मानिसको मृत्यु हुने सक्ने पनि विज्ञप्तिमा उल्लेख गरिएको छ।

यी चार हप्तामा बढीमा २४ हजारजना जति सङ्क्रमित अस्पताल भर्ना गर्नुपर्ने अवस्था आउने पनि सो संस्थाले विज्ञप्तिमार्फत जनाएको छ।

यसका साथै आगामी चार हप्तामा अमेरिकामा तीन लाख ५० हजारदेखि १८ लाखसम्म नै नयाँ सङ्क्रमित थपिन सक्ने पनि जानकारी दिइएको छ।

बुधवारसम्म यहाँ छ लाख १४ हजार ७०० जनाको निधन भएको छ। यहाँ पछिल्लो समयमा मृत्यु हुने दर निकै घटे पनि सङ्क्रमित भने थोरै मात्र थपिने अनुमान गरेको छ।

केही दिनयता यो सङ्क्रमण दर बढ्दै गएको देखिए पनि हालसम्म अमेरिकामा ३५.४ प्रतिशत कोभिडका सङ्क्रमित हुन पुगेको छ।

**भारतमा झन्डै ४३ हजार नयाँ सङ्क्रमित**

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट थप झन्डै ४३ हजार नयाँ सङ्क्रमित थपिएका छन्।

सरकारी अधिकारीले बिहीवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ४२ हजार ९८२ जना नयाँ सङ्क्रमित थपिएका हुन्।

सोही अवधिमा अरू ५३३ जनाको कोरोना भाइरसका कारण मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित भएर पनि पछिल्लो एक दिनमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ४१ हजार ७२६ रहेको छ।

मन्त्रालयले दिएको जानकारी अनुसार भारतमा अहिलेसम्म कुल तीन करोड १८ लाख १२ हजार ११४ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्।

कुल सङ्क्रमितमध्ये तीन करोड नौ लाख ७४ हजार ७४८ जना सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी, भारतमा अहिलेसम्म कोरोनाका कारण चार लाख २६ हजार २९० जनाको मृत्यु भएको तथ्याङ्क रहेको छ। मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म ४७ करोड ४८ लाख मानिसको कोरोना परीक्षण गरिएको छ भने ४८ करोड ९३ लाख मानिसलाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ। रासस

## विवाह भोजमा चट्याङ पर्दा सोह्रजनाको मृत्यु

ढाका, २१ साउन/एएफपी

बङ्गलादेशमा एउटा विवाह भोज कार्यक्रमका लागि जाने क्रममा चट्याङ पर्दा सहभागी १६ जनाको मृत्यु भएको छ।

स्थानीय अधिकारीका अनुसार सो घटनामा परी बेहुलासहित अरू केही व्यक्ति भने घाइते भएको जनाइएको छ।

उत्तरी बङ्गलादेशको शिवगंजमा रहेको पद्मा नदीमा एउटा डुङ्गाबाट ओर्लिएर बेहुला पक्षका जन्ती बेहुलीको घरतिर जाने क्रममा आँधीबेहरीसहितको वर्षा भएको र उनीहरूमाथि चट्याङ खसेको स्थानीय बासिन्दाले बताएका छन्।

एक स्थानीय अधिकारीले बेहुला र बेहुली सुन्दरपुरका बासिन्दा भएको जानकारी दिएका छन्। दुलही विवाह समारोहमा उपस्थिति भइनसकेकीले कुनै असर नपरेको स्थानीय अधिकारी शकिब–अल–राबीले जानकारी दिएका छन्।

हाल केही दिनयता भीषण मनसूनी आँधीबेहरीसहितको वर्षाले बङ्गलादेशलाई प्रभावित पारेको छ। कोक्सबजारको दक्षिणपूर्वी जिल्लामा एक हप्तादेखि परेको अविरल वर्षाका कारण रोहिङ्ग्या शरणार्थीसहित २० जनाको मृत्यु भएको छ। दक्षिण एशियामा प्रत्येक वर्ष चट्याङका कारण सयौं मानिसको मृत्यु हुने गरेको छ। बङ्गलादेशले सन् २०१६ मा चट्याङलाई राष्ट्रिय प्राकृतिक विपत्ति घोषणा गरेको थियो।

सो वर्ष मे महीनामा चट्याङका कारण २०० जनाको मृत्यु भएको थियो। त्यति बेला एकै दिन ८२ जनाको चट्याङ लागेर ज्यान गएको थियो।

मौसमविद्का अनुसार उत्तर तथा पश्चिम बङ्गलादेशमा बढी चट्याङ पर्ने सम्भावना भएका क्षेत्र हुन्। गर्मीयाममा तापक्रम बढ्दा त्यहाँ चट्याङ पर्ने सम्भावना अझ बढ्ने गरेको पाइन्छ।

सरकारले चट्याङसम्बन्धी पूर्वचेतावनी दिन तथा क्षतिबाट जोगाउन सकिन्छ कि भनेर परीक्षणका रूपमा चट्याङ पत्ता लगाउन सक्ने क्षमता भएका सेन्सर देशका छवटा स्थानमा जडान गरेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – कान्तिक्षय |
| मिथुन – सुयश | कर्कट – खर्चवृद्धि |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – अस्वस्थता | वृश्चिक – वादविवाद |
| धनु – व्यापारवृद्धि | मकर – अलमल |
| कुम्भ – कार्यनाश | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया




## ट्याक्टर नियन्त्रणमा

प्रस, पंचगावाँ, २१ साउन/

भलुवाही खोलाबाट बालुवा अवैधरूपमा उत्खनन गरी लग्दै गरेको अवस्थामा बिहीवार बिहान ८ बजे जगरनाथपुर गाउँपालिका–१ पिडारी चोकबाट नम्बर प्लेट नखुलेको बालुवा, गिट्टी लोड एउटा ट्याक्टर प्रहरी चौकी पिडारीगुठीले नियन्त्रणमा लिएको हो।


तस्वीरः फाइल

## सांसद तिमल्सिनालाई पत्नीशोक

प्रस, गरुडा, २१ साउन/

रौतहट क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्य देवप्रसाद तिमल्सिनालाई पत्नीशोक परेको छ।

नेपाली काङ्ग्रेसका सांसद तिमल्सिनाकी पत्नी रेणु तिमल्सिनाको उपचारको क्रममा बिहीवार बिहान निधन भएको हो। चन्द्रनिगाहपुरस्थित जनज्योति माध्यमिक विद्यालयकी शिक्षिकासमेत रहेकी तिमल्सिना केही महीनादेखि मिर्गौलासम्बन्धी समस्याले ग्रसित थिइन्।

उनको मिर्गौला प्रत्यारोपणको प्रक्रिया जारी रहँदा मृत्यु भएको पारिवारिक स्रोतले जनाएको छ। तिमल्सिनाका तीन छोरी छन्।



# कृषि–मैत्री मौद्रिक नीतिको खाँचो

अर्थ–उद्योग–वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**'कोभिड–१९ सङ्कटबाट प्रभावित क्षेत्रहरूलाई प्राथमिकताका आधारमा सहुलियत प्रदान गरी बचाउने तथा शीघ्र आर्थिक पुनरुत्थानका लागि वित्तीय साधनका उपलब्धता बढाउने दिशामा मौद्रिक नीति केन्द्रित हुनुपर्छ।**

कृषिवित्तको क्षेत्रमा धेरै महत्त्वपूर्ण र दूरगामी प्रभाव पार्ने खालको व्यवस्था गरिएको हुँदा गत आर्थिक वर्षको मौद्रिक नीतिलाई धेरै कोणबाट कृषिमैत्री भनी चित्रण गरिएको छ।

कोरोना महामारीले नागरिकको जीवन रक्षाका लागि स्वास्थ्यका साथै खाद्य सुरक्षाको सवालमा थप संवेदनशील हुनुपर्ने पाठ सिकाएको छ। कृषिको महत्त्व स्मरण गर्दै कृषिको व्यवसायीकरण र आधुनिकीकरणको विकल्प नरहेको निष्कर्ष गत आर्थिक वर्षको बजेट र मौद्रिक नीतिमा प्रतिविम्बित देखिन्छ। कृषि र ग्रामीण विकासका लागि वित्तीय पहुँच सम्भव बनाउन ०२४ सालमा स्थापित कृषि विकास बैंकलाई ०६२ सालमा वाणिज्य बैंकमा रूपान्तरण गरिएपश्चात् कृषिवित्त क्षेत्र लगभग नेतृत्वविहीन अवस्थामा थियो। यो बैंकलाई कृषिवित्त क्षेत्रको अगुवा बैंकको जिम्मेवारी सुम्पेर विगतमा भएको त्रुटि सच्याउने सराहनीय प्रयास मौद्रिक नीतिले गरेको पाइन्छ।

कृषिवित्त क्षेत्र गरीबी निवारण, ग्रामीण विकास, प्रविधि, ऊर्जा, सिचाइ, सूचना तथा प्रविधिजस्ता थुप्रै क्षेत्रको विकाससँग जोडिन पुग्छ। त्यसैले यसलाई प्रभावकारी बनाउन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय र सहकार्य गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता देखिएको छ। विगतमा पनि कृषि विकास बैंकले विश्व बैंक, एशियाली विकास बैंक, युनिसेफ, आइफाड, आप्राकाजस्ता संस्थाहरूको सहयोगबाट कृषि र गरीबी निवारणको क्षेत्रमा उल्लेखनीय योगदान पुगेको जगजाहेर छ। सार्क मुलुकलगायत चीन, थाइल्यान्ड, फिलिपिन्स, भियतनाम, मङ्गोलिया, इजरायललगायत मुलुकका कृषि तथा ग्रामीण बैंकहरूसँग सम्बन्ध स्थापित गरी कृषिवित्त क्षेत्रमा ज्ञान, सीप तथा अनुभव आदानप्रदान गर्ने कार्यबाट पनि तत्कालीन अवस्थामा कृषि विकास बैंकका कार्यक्रमहरू निकै प्रभावकारी रहेका थिए।

गत आर्थिक वर्षको मौद्रिक नीतिको अर्को विशेषता कृषि र ऊर्जा ऋणपत्र जारी गर्न सक्ने व्यवस्था हो। कृषि र ऊर्जा ऋणपत्रमा गरिने लगानीलाई नेपाल राष्ट्र बैंकले तोकेको कर्जा अनुपात सीमामा गणना गर्न सकिने भएकोले यसबाट बैंकहरूलाई क्षमता र दक्षताका आधारमा कार्य गर्न सहज भएको छ। वित्तीय पहुँच पुऱ्याउनका लागि स्रोतको जोहो गर्ने कार्य पनि प्रमुख हुन आउँछ। कृषि क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन कृषि विकास बैंकले कृषि ऋणपत्र जारी गर्न पाउने व्यवस्था अन्तर्गत कुल २४ अर्बको स्वीकृति प्राप्त गरेकोमा पहिलो चरणमा ६ अर्बको ऋणपत्र जारी भई बिक्री भइसकेको छ। दोस्रो चरणमा जारी ६ अर्ब ऋणपत्र पनि बिक्री प्रक्रियामा छ। कृषि बैंकले विगतमा विभिन्न दातृ निकायहरूसमेतको सहयोगमा स्रोत परिचालन गर्दै आएकोमा वाणिज्य बैंकमा रूपान्तरण भएसँगै कतिपय असल अभ्यासमा क्रमभङ्गता आएको थियो। यो बैंकले कृषिकर्जाको नेतृत्व पुनः पाएपश्चात् आफ्नो दक्षता र अनुभव परिचालन गर्दै कृषकहरूको वित्तीय पहुँच विस्तार गर्न विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गर्दै आगाडि बढ्न सहज भएको छ।

कृषिकर्जा तालीम विस्तार गर्न कृषि विकास बैंकका तालीम केन्द्रहरूका लागि आवश्यक संस्थागत तथा संरचनागत व्यवस्था गरिने चालू मौद्रिक नीतिको व्यवस्था अनुरूप आगामी मौद्रिक नीतिमा पनि यसलाई स्पष्ट किटान गरी कार्यान्वयनमा लैजान वाञ्छनीय छ। कृषिकर्जामा पहुँच विस्तार गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूका कृषिवित्त कर्जाको क्षेत्रमा काम गर्ने कर्मचारीको दक्षता अभिवृद्धि पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। कृषिवित्त क्षेत्रको जनशक्ति तयार गर्न सकिए मात्र कृषिकर्जा कार्यक्रम प्रभावकारी तवरले सञ्चालन गर्न सकिन्छ।

यस सन्दर्भमा कर्जा कारोबार गर्ने कृषकहरूलाई उद्यमशीलता विकास, बैंकिङ तथा वित्तीय साक्षरता प्रदान गरिने पाटो बिर्सन हुँदैन। हाल कार्यान्वयनमा रहेको 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत (तेस्रो संशोधन) कार्यविधि २०७५' अन्तर्गत रहेको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा थप परिमार्जन आवश्यक देखिन्छ।

यस कार्यविधिमा रु १० लाखभन्दा बढीको कर्जाको हकमा अनिवार्यरूपमा संस्था हुनुपर्ने र एक करोडमाथिको कर्जाको हकमा अनिवार्यरूपमा कम्पनी हुनुपर्ने एवं १० लाखसम्मको परियोजनाका लागि सामान्य प्रस्ताव र सोभन्दा माथिको हकमा विस्तृत परियोजना प्रस्ताव पेश गर्नुपर्ने प्रावधान राखिएको छ। १० लाखसम्मको कर्जा सरलीकृतरूपमा लगानी गर्न सकिने व्यवस्था भए पनि सोभन्दा माथिको कर्जाको हकमा विस्तृत परियोजना, लेखा परीक्षण एवं कर चुक्ता विवरणजस्ता कागजातको तयारीमा कृषक अलमलिनुपर्ने अवस्था छ। हुन त नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनमा साना व्यवसायीका लागि ५० लाखसम्मको कर्जा प्रवाह तथा नवीकरण प्रक्रिया केही लचिलो गरिए पनि हाम्रा गाउँघरको परिवेश, उपलब्ध सेवा सुविधा र शैक्षिक स्तरलाई मध्यनजर गर्दा कृषिकर्जा प्रवाहमा थप लचिलो नीतिका साथै स्पष्टताको खाँचो देखिन्छ।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८–७९ का लागि मौद्रिक नीति ल्याउन अन्तिम गृहकार्यमा जुटेको छ। कोरोना महामारीले उत्पन्न आर्थिक सङ्कटका बीच ल्याउन लागिएको मौद्रिक नीतिमा धेरैको अपेक्षा जोडिएको छ। उद्योगी–व्यवसायीले यति बेला सरकारसँग ठूलो राहतको अपेक्षा गरेका छन्। बैंकको ब्याजदर तिर्न नसकिने भन्दै उनीहरू सडकमै उत्रेको बेला राष्ट्र बैंकले निजी क्षेत्रमैत्री मौद्रिक नीतिको तयारी गरिरहेको बताएको छ। नेपाल राष्ट्र बैंकका अनुसार उद्योग–व्यवसायको पुनरुत्थान गर्ने, रोजगार सिर्जना गर्ने, पूँजी निर्माण गर्ने तथा स्वास्थ्य र खाद्य सुरक्षाको सवालमा केन्द्रित भएर मौद्रिक नीति आउन लागेको हो।

हुनत दक्षिण एशियामै नेपालको बैंकिङ प्रणाली सबैभन्दा राम्रो र अत्याधुनिक छ। यो विश्व बैंकलगायत संस्थाले पनि पटकपटक भन्दै आएका पनि छन्। बैंकिङ प्रणालीमा निजी क्षेत्रको हिस्सा ८७ र सरकारको १३ प्रतिशत छ। अर्थतन्त्रको आधुनिकीकरणमा बैंकको योगदान धेरै छ। यसलाई बचाउनुपर्छ। यस्तै पूँजी निर्माणमा निजी क्षेत्रले पनि महत्त्वपूर्ण योगदान गरेको छ। मुलुकको कुल पूँजी निर्माणमा निजी क्षेत्रको योगदान करीब ७८ प्रतिशत छ। सार्वजनिकको बाँकी २२ प्रतिशत मात्र देखिन्छ।

यसकारण निजी क्षेत्रलाई कसरी बचाउने र बैंकिङ क्षेत्रमा सङ्कट आउन नदिने जिम्मा मौद्रिक नीतिमाथि छ। सङ्कटग्रस्त अर्थतन्त्रलाई बिस्तारै लयमा ल्याउने चुनौती पनि त्यतिकै छ। यसरी ग्रामीण अर्थतन्त्रको प्रवर्द्धन र मुलुकको अर्थतन्त्रलाई बिस्तारै लयमा ल्याउने चुनौतीको सामना गर्ने खालको मौद्रिक नीतिको आवश्यकता छ। यसका साथै आर्थिक पुनरुत्थानको जिम्मा मौद्रिक नीतिले लिनुपर्ने अवस्था छ।

यसैगरी कृषिकर्जाको पहुँच विस्तारका लागि साना र ठूला किसानलाई प्रवाह गरिने कर्जा प्रवाहमा स्पष्ट रेखाङ्कन जरूरी छ। साना किसानलाई प्रवाह गरिने ५० लाखसम्मको कर्जा प्रवाह प्रक्रियालाई सरलीकृत गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै कृषकसँग छलफल र निजको परियोजनाको सम्भाव्यता अध्ययन गरी कर्जाको आवश्यकता निर्क्योल गर्न सक्ने व्यवस्था गरिनु व्यावहारिक हुनेछ। फलफूल खेतीको विशिष्टीकरण एवं व्यवसायीकरणका लागि आव ०७३–७४ देखि ०८२–८३ सम्म फलफूल दशक घोषणा गरिएको छ। गत आवको मौद्रिक नीतिले व्यावसायिकरूपमा खेती गरिने एक दर्जनजति फलफूल बालीको कर्जामा पहिलो र दोस्रो वर्ष क्रमशः ०.२ र ०.६ प्रतिशत मात्र कर्जा नोक्सानी बेहोर्नुपर्ने व्यवस्थाले बैंकहरूलाई केही सहज त भएको छ, तर यति मात्र पर्याप्त हुँदैन। फलफूल दशकले लिएको उद्देश्यलाई सघाउ पुऱ्याउन नेपाल राष्ट्र बैंकले पनि विशेष पहल गर्नैपर्ने हुन्छ। यसबाट फलफूल खेती र अन्य दीर्घकालीन प्रकृतिका कृषि परियोजनामा आशातीत कर्जा विस्तार हुन सक्ने देखिंदैन। बैंकहरूको विद्यमान व्यवस्था अनुसार मासिक/त्रैमासिक ब्याज भुक्तानी गर्नुपर्ने कारण ब्याज तिर्ने वैकल्पिक क्षमता नभएका कृषकहरू कर्जा लिनबाट वञ्चित हुनुपर्ने अवस्था रहेकोले ब्याज भुक्तानी बालीचक्रका आधारमा निर्धारण गर्नु कृषकको हितमा हुन्छ।

कृषिकर्जा विश्लेषणका लागि आवश्यक विभिन्न बाली तथा पशुपन्छीहरूको उत्पादन लागतसम्बन्धी सूचनाको कमीले पनि बैंक तथा वित्तीय संस्थाहरूले समस्या भोग्नुपरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत हरेक वर्ष बैंकले लगानी गर्नुपर्ने सबै बाली तथा पशुपन्छीपिच्छेको उत्पादन लागत उपलब्ध गराई सहजीकरण गर्ने व्यवस्था मिलाउनुपर्छ।

यसबाट सम्बन्धित कर्मचारीलाई कर्जा विश्लेषण गर्न सहज हुनुका साथै कर्जा लगानीमा एकरूपता र पारदर्शिता पनि कायम हुन्छ। यसका साथै कृषिकर्जाको नाममा जग्गा खरीद गर्ने परिपाटी पनि दुरुत्साहित गरिनुपर्छ। अन्यथा अप्रत्यक्षरूपले जग्गा व्यवसायको पक्षपोषण हुन्छ। कृषिमा वित्तीय पहुँचको चर्चा भइरहँदा व्यावसायिक कृषिका लागि अन्य सेवा ओझेलमा पर्न हुँदैन। साना किसानको बाहुल्य रहेको हाम्रोजस्तो देशमा उत्पादन सामग्रीहरू (मल, बीउ/नस्ल, सिचाइ, विद्युत् आदि)को सर्वसुलभ उपलब्धता, राज्यबाट उपलब्ध गराइने अनुदानमा समान पहुँच, हरेक किसानको घरदैलोमा प्राविधिक सेवा, बाली तथा पशुपन्छी बीमामा सहजता र पहुँच, कृषि उत्पादनमा न्यूनतम बचतको सुनिश्चिततताजस्ता पक्षलाई सम्बोधन गरिए मात्र कृषिकर्जा उपलब्ध गराउनुको अर्थ रहन्छ।

यसरी 'कोभिड–१९ सङ्कटबाट प्रभावित क्षेत्रहरूलाई प्राथमिकताका आधारमा सहुलियत प्रदान गरी बचाइराख्ने तथा शीघ्र आर्थिक पुनरुत्थानका लागि वित्तीय साधनका उपलब्धता बढाउने दिशामा मौद्रिक नीति केन्द्रित हुनुपर्छ। यसका साथै आन्तरिक उत्पादन तथा रोजगार प्रवर्द्धन हुने र कृषि क्षेत्रमा वित्तीय स्रोत केन्द्रित हुनेखालका मौद्रिक नीति अहिलेको खाँचो हो।

# निचुटा माविका छात्राहरूलाई साइकल वितरण

प्रस, पचगावाँ, २१ साउन/

पटेर्वासुगौली गाउँपालिका–५ निचुटा स्थित नेरामावि निचुटामा छात्राहरूलाई साइकल वितरण गरिएको छ।



तस्वीरः प्रतीक

प्रदेश सरकारको सहयोगमा 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियान अन्तर्गत कक्षा ८ मा अध्ययनरत ४४ जना छात्रालाई साइकल वितरण गरिएको हो।

कार्यक्रममा प्रमुख अतिथि भारतीय महावाणिज्य दूतावासका शैलेन्द्र कुमारले शिक्षालाई सबैले जोड दिनुपर्ने बताए। उनले भारतीय दूतावासले नेपालका विद्यालयप्रति सहयोग निरन्तर गरिरहने बताए। उनले महिलाले उच्च शिक्षा हासिल गर्‍यो भने देशको मुख्य जिम्मेवारी सम्हाल्न सक्ने बताए।

विद्यालयका प्रधानाध्यापक श्यामकुमार घिमिरेको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश सदस्य सलाउद्दीन अहमदले प्रदेश २ मा १८५ डोम जातिको बसोबास रहेको र उनीहरू शिक्षाबाट वञ्चित रहेको बताए। उनले दलितहरूलाई घृणा होइन माया गरेर शिक्षा प्रदान गर्न सुझाव दिए।

कार्यक्रममा मुख्यमन्त्रीका स्वकीय सचिव दीपक यादव, गापाका शिक्षा शाखा प्रमुख शम्भु साह, जसपा नेता नागेन्द्रप्रसाद यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा सञ्चारकर्मी प्रमोद यादव, जसपा नेता मौलाना नुर होदा, शिवकुमार साह, पर्सा किसान सङ्घका अध्यक्ष असफर्ी साह, लक्ष्मीपुर आधारभूत विद्यालयका प्रअ द्वारिका उपाध्यायलगायतको सहभागिता थियो।

# लागूऔषधसहित तीनजना पक्राउ

प्रस, वीरगंज, २१ साउन/

लागूऔषधसहित पर्सा प्रहरीले तीनजनालाई पक्राउ गरेको जिप्रका पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए।

बुधवार दिउँसो वीरगंज–१६ शङ्कराचार्यद्वारबाट ना.४१प ६८४४ नम्बरको स्कूटी चेक गर्दा डिक्कीभित्रबाट डाइजेपाम, नुर्फिन, फेनारगन ३०/३० एम्पुल गरी ९० एम्पुल बरामद भएको बताए।



तस्वीरः प्रतीक

डिक्कीबाट लागूऔषध बरामद भएपछि मोटरसाइकल चालक काठमाडौं उपमहानगर–११ थाना भञ्ज्याङ, सिमलटार बस्ने २१ वर्षीय डेनियल तामाङलाई पक्राउ गरिएको उनले बताए।

यसैगरी, आज दिउँसो २:३० बजे वीरगंज महानगर–१६ बसपार्कबाट ओनरेक्स सय एमएलको २३१ बोतलसहित महानगरपालिका–४ सीतापाइला भीमढुङ्गा बस्ने ३२ वर्षीय विमल श्रेष्ठ र स्कूटी पछाडि बस्ने मकवानपुर, हेटौंडा वीरगंज महानगर–९ रामटोल बस्ने ४५ वर्षीय जितेशप्रसाद श्रीवास्तवलाई पक्राउ गरिएको प्रवक्ता खनालले बताए। शङ्का लागि निजले बोकेको दुईवटा झोला चेकजाँच गर्ने क्रममा सो लागूऔषध बरामद भएको उनले जानकारी गराएका छन्। घटना सम्बन्धमा अनुसन्धान भइरहेको र कसूर अनुसारको मुद्दा चलाइने प्रवक्ता खनालले बताए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




# खेलकूदको संसार

## विश्व क्रिकेट लिग–२ को प्रशिक्षण आजदेखि

काठमाडौं, २१ साउन/रासस

आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत नेपाल, अमेरिका र ओमानविरुद्धको एक दिवसीय त्रिकोणात्मक सिरिजका लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीले बिहीवारदेखि बन्द प्रशिक्षण शुरू गरेको छ।

आगामी सेप्टेम्बरमा ओमानमा हुने उक्त सिरिजका लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले बन्द प्रशिक्षणमा १९ खेलाडीलाई बोलाएको छ। टोलीको प्रशिक्षण कीर्तिपुरस्थित त्रिवि मैदानमा शुरू भएको क्यानले जनाएको छ।

क्यानले बोलाएका १९ खेलाडीमध्ये गुलशन झा पहिलोपटक समावेश भएका हुन्। नेपाल पुलिस क्लबका खेलाडी गुलशनले मेयर्स कप क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरेका थिए। लिग–२ मा नेपालले अहिलेसम्म चार खेल खेलेको छ। त्यसमा नेपालले दुई खेलमा जीत तथा दुई खेलमा हार बेहोरेको छ। नेपाल चार अङ्क जोड्दै छैटौं स्थानमा छ।

त्यसैगरी, दश खेल खेलेको ओमान १६ अङ्कका साथ लिगको शीर्ष स्थानमा छ। बाह्र खेलमा १२ अङ्क बटुलेको अमेरिका दोस्रो स्थानमा छ। बन्द प्रशिक्षणमा ज्ञानेन्द्र मल्ल, कुशल भुर्तेल, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख, गुलशन झा, कुशल मल्ल, विनोद भण्डारी, करण केसी, सन्दीप लामिछाने, सोमपाल कामी छन्। त्यसैगरी, कमलसिंह ऐरी, अविनाश बोहरा, शाहब आलम, सुशन भारी, शरद भेषवाकर, विक्रम शोब, पवन सर्राफ र रोहितकुमार पौडेल छन्।

## टोकियो ओलम्पिक : ७० पदकसहित चीन शीर्ष स्थानमा कायमै

काठमाडौं, २१ साउन/रासस

जापानको राजधानी टोकियोमा जारी ३२औं ग्रीष्मकालीन ओलम्पिक खेलकूदमा चीन ७० पदकसहित शीर्ष स्थानमा कायमै रहेको छ। अमेरिका र जापानलाई उछिन्दै चीन शीर्ष स्थान ओगट्न सफल भएको हो। चीनले हालसम्म ३२ स्वर्ण, २२ रजत र १६ कास्य पदक प्राप्त गरेको छ। अमेरिका दोस्रो तथा जापान तेस्रो स्थानमा रहेका छन्। अमेरिकाले २५ स्वर्ण, ३१ रजत र २३ कास्य पदक प्राप्त गरेको छ भने जापानले २१ स्वर्ण, सात रजत र १२ कास्य प्राप्त गर्न सफल भएको छ। यस्तै, बेलायत १५ स्वर्ण, १८ रजत र १५ कास्य पदक प्राप्त गर्दै चौथो स्थानमा उक्लेको छ। अस्ट्रेलिया १५ स्वर्ण, चार रजत र १७ कास्य पदकसहित पाँचौं स्थानमा छ।

यसैगरी, रसियन ओलम्पिक कमिटी पदक तालिकाको छैटौं स्थानमा झरेको छ। उसले १४ स्वर्ण, २१ रजत र १८ कास्य पदक प्राप्त गरेको छ।

जर्मनी नौ स्वर्ण, आठ रजत र १६ कास्यसहित सातौं, फ्रान्स छ स्वर्ण, १० रजत र नौ कास्यका साथ आठौं, इटली छ स्वर्ण, नौ रजत र १६ कास्य जित्दै नवौं तथा नेदरल्यान्ड्स छ स्वर्ण, आठ रजत र नौ कास्यका साथ पदक तालिकाको १०औं स्थानमा रहेको टोकियो ओलम्पिकको वेबसाइटमा उल्लेख छ। टोकियो ओलम्पिकमा सहभागी २०५ देशमध्ये हालसम्म ८५ देशले पदक प्राप्त गर्न सफल भएका छन्।

नेपालबाट चार खेलमा पाँच खेलाडी टोकियो ओलम्पिकमा सहभागी भएका थिए। सुटिङकी कल्पना परियार, जुडोकी सोनिया भट्ट, पौडीका एलेक्स शाह र गौरिका सिंह तथा एथलेटिक्सकी सरस्वती चौधरीले आआफ्नो खेलमा प्रतिस्पर्धा गरेका थिए। पाँचै खेलाडी टोकियो ओलम्पिकबाट बाहिरिएका छन्।

# गर्भवतीलाई एम्बुलेन्स सेवा निश्शुल्क

सप्तरी, २१ साउन/रासस

सप्तरीको कञ्चनरूप नगरपालिकाले गर्भवतीलाई निश्शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने भएको छ।

विश्व स्तनपान सप्ताहको अवसरमा नगरपालिका बहुक्षेत्रीय पोषण एकाइद्वारा आधारभूत विद्यालय बरमझियामा आयोजित 'सुनौलो हजार दिनका आमाहरूलाई पोषण झोला वितरण' समारोहमा नगरप्रमुख वसन्तकुमार मिश्रले गर्भवतीलाई निश्शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने घोषणा गरेका हुन्।

सप्तरी जिल्लाको पहिलो खुला दिशामुक्त र पूर्ण खोप सुनिश्चित नगर घोषित कञ्चनरूप नगरपालिका जिल्लाको एकमात्र तथा प्रदेश नं २ को पहिलो र नेपालको तेस्रो बालमैत्री नगरपालिका हो। नगरप्रमुख मिश्रले कञ्चनरूपलाई अब कुपोषणमुक्त नगर घोषणा गर्ने ढङ्गले काम अगाडि बढाइएको बताए।

कार्यक्रममा स्वास्थ्य शाखा कञ्चनरूपले गर्भवती र सुत्केरी महिलालाई क्याल्सियम र फोलिक एसिड चक्की वितरण गरेको छ। गर्भावस्थामा स्वास्थ्य चेकजाँच, आइरन चक्कीदेखि क्याल्सियम र फोलिक एसिड चक्की निश्शुल्क वितरण भइरहेकोमा अबदेखि गर्भवतीलाई कुनै पनि स्वास्थ्य संस्थामा जानु पर्दाको एम्बुलेन्स भाडा नलाग्ने नगरप्रमुख मिश्रले घोषणा गरे। यसका लागि एउटा एम्बुलेन्स नियमितरूपमा बरमझियामा रहने पनि उनले बताए।

पोषणयुक्त खानपिनको अभावले हुने कुपोषण नियन्त्रण गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत नगरपालिकाले बेलाबेलामा पोषण सामग्री उपलब्ध गराउँदै आएको छ। कार्यक्रमकी सहजकर्ता सुशीला चौधरीले कुपोषणमुक्त नगर घोषणा गर्ने उद्देश्यका साथ नगरपालिकाले कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगेको उनले बताए।

सप्ताहव्यापी कार्यक्रमका अवसरमा नगरपालिकाले सबै वडामा गरेर ३६० जना सुनौलो हजार दिनका आमाहरूलाई पोषण झोला वितरण गर्ने बहुक्षेत्रीय पोषण एकाइले जानकारी दिएको छ। झोलामा एक किलो घ्यू, एक क्यारेट अन्डा, एक किलो हरियो भटमास, दुई किलो पोषिलो पीठो, नौ किसिमका गेडागुडीको प्याकेट, ४ प्याकेट सेनिटरी प्याड, ह्यान्ड सेनिटाइजर, सर्जिकल मास्क, टुथब्रश, टुथपेस्ट, साबुनको बट्टा, मग, क्याल्सियम चक्की रहेका छन्।

कार्यक्रममा कञ्चनरूप नगरपालिकाका पोषण कार्यक्रमकी सहजकर्ता सुशीला चौधरी, पशुपक्षी विकास शाखाका प्रमुख दिवाकान्त चौधरी, स्वास्थ्य शाखा प्रमुख रामसेवक यादव, सहसंयोजक डम्बरप्रसाद गुप्ताले गर्भवती र सुत्केरीले ध्यान दिनुपर्ने कुरा र पोषणको महत्त्वबारे जानकारी दिएका थिए।



जिल्ला प्रशासन कार्यालय, पर्सामा बिहीवार नागरिकता लिनेहरूको ठूलो भीड लागेको थियो। जिप्रका, पर्साले १४ वटा पालिकालाई बार अनुसार सेवा दिंदै आएको छ। सोही क्रममा वीरगंज महानगरपालिकाका सेवाग्राहीहरूले बिहीवार र शुक्रवार सेवा पाउने व्यवस्था गरिएको छ। महानगरको दिन जिल्ला प्रशासनमा यसैगरी नागरिकता लिन भीड हुने गरेको छ। तस्वीरः नितेश कर्ण

# ५९ कार्टुन स्याउ बरामद

प्रस, वीरगंज, २१ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिहीवार बिहान ५९ कार्टुन स्याउ बरामद गरेको जनाएको छ।



तस्वीरः सौजन्य

वीरगंज महानगर–१६ भुटनदेवी स्थित सडकखण्डमा १०/१५ जना पोके तस्करहरूले टाउकोमा स्याउ बोकेर भारततर्फ लैजाँदै गरेको अवस्थामा प्रहरी कार्यालय नगवाले स्याउ बरामद गरेको हो। प्रहरीलाई देखेपछि पोके तस्करहरू स्याउ छाडेर फरार भएका थिए। बरामद स्याउ २८ हजार मूल्यबराबरको रहेको र कारबाईको लागि वीरगंज भन्सार बुझाइएको जिप्रका, पर्साले जनाएको छ।

